निर्णय नं. १ विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ बाट यस जिल्लामा हालसम्म परेको प्रभाव र रोकथामका लागि गरिएका प्रयासहरुको बारेमा समीक्षा गरियो । उक्त सम्बन्धमा यस जिल्लामा मिति २०७७/०४/१३ गतेसम्म तपसिल अनुसारको विवरणको सम्बन्धमा जानकारी गराइयो ।

तपसिल

| स्थानीय तह | | बेलका न.पा. | चौदण्डीगढी न.पा. | त्रियुगा न.पा. | कटारी न.पा. | उदयपुरगढी गा.पा. | रौतामाई गा.पा. | लिम्चुङबुङ गा.पा. | ताप्ली गा.पा. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्वारेन्टाइन बेड संख्या | | ८३ | ७० | १०० | २०० | २७ | ५० | ६० | १९० | ७८० |
| क्वारेन्टाइनमा बसेको व्यक्तीको संख्या | | १४ | ३८ | ४० | २२ | ५ | ९ | ० | ० | १२८ |
| क्वारेन्टाइनबाट फिर्ता गरेको संख्या | | २०९ | १३३ | २७५ | ११८ | ६६ | ९२ | ८४ | १७९ | ११५६ |
| आइसोलेसन बेड संख्या | | ० | २२ | १२ | ३ | ० | ० | ० | ० | ३७ |
| आइसोलेसनमा भएको बिरामीको संख्या | | ८ | ० | १ | ० | ० | ० | ० | ० | ९ |
| आइसोलेसनबाट फिर्ता गरेको संख्या | | ४ | २ | ९ | ५ | १ | ० | ० | १ | २२ |
| RDT संख्या | | १५० | ४१ | ३०१ | ११ | ५ | ७४ | ७३ | १५३ | ८०८ |
| स्वाब संकलन गरेको व्यक्तीको संख्या | | १०५८ | ४१२ | २५९४ | ३८० | १९० | १६८ | १२० | १६५ | ५०८७ |
| स्वाब परीक्षण भएका व्यक्तिहरुको संख्या | | ८३० | ४०८ | २५३४ | २८६ | १९० | १५१ | ११७ | १६५ | ४६८१ |
| संक्रमितको विवरण | जम्मा संक्रमित | २२ | १ | ५० | ७ | २ | ० | ० | ३ | ८५ |
| | उपचारार्थ | ८ | ० | १ | ० | ० | ० | ० | ० | ९ |
| | निको भएका | १४ | १ | ४९ | ७ | २ | ० | ० | ३ | ७६ |

निर्णय नं. २ वर्तमान संक्रमणको जोखिमको अवस्थाको मूल्याङ्कन गरी स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी गराई न्यूनतम २ मिटरको सामाजिक दुरी कायम गरी मास्क र सेनिटाइजर अनिवार्य प्रयोग गर्ने, पटक-पटक साबुन पानीले हात धुने एवं स्वास्थ्यका मापदण्ड र सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने सर्तमा केही सेवा र कार्यहरु सञ्चालन गर्न लकडाउनको अवस्थालाई खुल्ला एवं सहजीकरण गरिएकोमा न्यूनतम सामाजिक दुरी कायम नगर्ने, बिना मास्क र सेनिटाइजर घर बाहिर हिंडडुल गर्ने, अनावश्यक भिडभाड गर्ने, सेवा प्रदायक निकाय वा संस्थाले पनि स्वास्थ्य र सुरक्षाको न्यूनतम मापदण्ड पालना गराउन सम्बन्धित सबै सरोकारवाला निकायहरुलाई जानकारी गराउने । साथै न्यूनतम सामाजिक दुरी कायम नगर्ने, बिना मास्क र सेनिटाइजर घर बाहिर हिंडडुल गर्ने, अनावश्यक भिडभाड गर्नेलाई तत्काल नियन्त्रणमा लिई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गर्ने ।

प्रमुख जिल्ला अधिकारी

निर्णय नं. ३ लकडाउनका कारण बन्द रहेको शैक्षिक संस्थाहरुलाई खुलाउन आवश्यक तयारी भईरहेको भन्ने जानकारी प्राप्त भए अनुसार यस जिल्लाका विभिन्न स्थानीय तहहरुले शैक्षिक संस्थाहरुमा सञ्चालन गरेको क्वारेन्टाइनलाई बैकल्पिक व्यवस्था गरी मापदण्ड बमोजिमको क्वारेन्टाइन तयार गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

निर्णय नं. ४ कोभिड-१९ का कारण संक्रमित व्यक्तिको मृत्यु भएमा शव व्यवस्थापन सम्बन्धी मापदण्ड अनुसार आवश्यक तयारी गरी सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्यमा बस्तीबाट टाढा रहने गरी स्थान पहिचान गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

निर्णय नं. ५ कोभिड-१९ को कारण बन्द रहेको बजार व्यवसाय लकडाउन पछि अनुगमन गर्दा हालसम्म जिल्लाको कोभिड-१९ को रोकथामका लागि गरिएका प्रयासहरु, बिभिन्न निकाय तथा व्यक्तिहरुबाट गरिएको सहयोग तथा भूमिका सन्तोषजनक रहेकोले सबैलाई सहयोगका लागि धन्यवाद दिने निर्णय गरियो ।

प्रमुख जिल्ला अधिकारी